कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय, ताप्लेजुङ
# फुङलिङ, नेपाल

## सूचना नं. १ डिभिजन वन कार्यालय, ताप्लेजुङको जडीबुटी विकास कार्यक्रम संचालनको लागि प्रस्ताव आव्हान सम्वन्धी सूचना

(गोरखापत्र दैनिकमा दोस्रो पटक प्रकाशित मिति २०८३।०१।०८ गते)

प्रस्तुत विषयमा डिभिजन वन कार्यालय, ताप्लेजुङको आ.व. ०८२/८३ को स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमका क्रियाकलापहरु संचालन गर्नुपर्ने भएकोले इच्छुक समुदायमा आधारित वन समूहहरु/कृषक/कृषक समूह/कृषि सहकारीहरुले दोस्रो पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा तोकिएको ढाँचा अनुसारको प्रस्ताव पेश गर्नु हुन अनुरोध गरिन्छ । म्याद भित्र पेश हुन आएका प्रस्तावहरुलाई मात्र तोकिएको मूल्याङ्कन समितिबाट प्रस्ताव मूल्याङ्कनका आधारमा सबैभन्दा बढी अंक प्राप्त गर्ने सारभुत रुपमा प्रभावग्राही प्रस्तावदाताहरुसँग मात्र कार्यक्रम संचालन सम्झौता गरिने व्यहोरा सबैमा अनुरोध गरिन्छ ।

**तपसिल**

| क्र. सं. | कार्यक्रमको नाम | बजेट रु (लाखमा) | छनौट गरिएका पकेट क्षेत्रहरु | प्राथमिकता प्राप्त जडीबुटीहरु | प्रस्ताव पेश गर्नका लागि योग्य साझेदारहरु | न्यूनतम साझेदारी/ लगानी |
|---|---|---|---|---|---|---|
| १ | पकेट क्षेत्रमा जडीबुटी संरक्षण | ७.०० | तोकिएका पकेट क्षेत्रहरु | लौठ सल्ला, तितेपाती, वन लसुन, कुट्की, जटामसी | समुदायमा आधारित वन समूहहरु/कृषक/कृषक समूह/कृषि सहकारी | १० प्रतिशत |
| २ | प्राकृतिक जडीबुटी संरक्षण तथा खेती विस्तार | ५.०० | तोकिएका पकेट क्षेत्रहरु | चिराइतो, सतुवा, सिल टिमुर, बोके टिमुर, | समुदायमा आधारित वन समूहहरु/कृषक/कृषक समूह/कृषि सहकारी | १० प्रतिशत |

**तोकिएका पकेट क्षेत्रहरुः-** पकेट क्षेत्र नं. १. कालिखोला, सुरुङखिम, सादेवा; पकेट क्षेत्र नं. २. सिकैचा, फावाखोला, तिरिङ्गे, हाङदेवा, फुरूम्बु, लिङखिम, खेजेनिम, इखाबु; पकेट क्षेत्र नं. ३. पापुङ, नाल्बु, साँवा, थुकिमा; र पकेट क्षेत्र नं. ४. फाकुम्बा, साँघु, ढुङ्गेसाँघु र थिङलाबु

**संलग्न गर्नुपर्ने कागजातहरु तथा शर्तहरु**

१. डिभिजन वन कार्यालय, ताप्लेजुङबाट तोकिएको ढाँचाको प्रस्ताव पत्र,
२. प्रस्तावकको निवेदन/समूहको पत्र,

३. निजीको हकमा नागरिकताको प्रतिलिपि, जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि, तिरो तिरेको रसिद, स्थायी लेखा नम्वर
४. संस्थाको हकमा संस्था दर्ता प्रमाणपत्र/नविकरण प्रतिलिपि, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, लेखापरीक्षण प्रतिवेदन, कार्य समिति/बोर्डको निर्णय, स्थायी लेखा नम्वर
५. सा.व.उ.स.को हकमा समूह/समितिको निर्णय प्रतिलिपि, स्थायी लेखा नम्वर, समूहको बार्षिक प्रतिवेदन, आ.व.०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन,
६. लागत साझेदारी प्रतिवद्दता पत्र,
७. सम्वन्धित स्थानिय तहको सिफारिस,
८. सम्बन्धित सब-डिभिजन वन कार्यालयको सिफारिस,
९. विषयगत प्राविधिकबाट तयार गरिएको लागत अनुमान र डिजाइन
१०. समान प्रकृतिका अनुदान नलिएको स्वघोषणा पत्र,
११. विगत २ आ.व.मा यस कार्यालयबाट सोही प्रकृतिको प्रस्ताव स्वीकृत भई अनुदान प्राप्त नभएको स्वघोषणा पत्र,

- एक प्रस्तावकको एक भन्दा बढी कार्यक्रमको लागि पेश गरिएको प्रस्ताव मान्य हुने छैन ।
- लागत साझेदारी प्रतिवद्दता पत्र, समान प्रकृतिको अनुदान नलिएको स्व-घोषणा पत्र र प्रस्तावको ढाँचा यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
- प्रस्ताव पेश गर्ने समय सिमाः- २०८३ साल वैशाख २२ गते कार्यालय समय भित्र (सो दिन विदा भएमा विदा पछि लगत्तै कार्यालय खुलेको दिन कार्यालय समय भित्र)
- थप जानकारीको लागि यस कार्यालयको टेलिफोन नं. ०२४-४६०११७ मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

इति संवत २०८३ साल वैशाख महिना ८ गते रोज ३ मा शूभम् ।